# यस अ.दु.अ.आयोगबाट पुनराबेदन पत्र दायर गर्न बुझाएको मुद्दाको संक्षिप्त बिबरण :

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **लाहानु थारू समेत भएको** (वि.अ. को( मुद्दा नं. ०७८-CR-०१०९ वि.अ. को फैसला मिति २०८०।१०।२१ | सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | जिल्ला बर्दिया ,राजापुर नगरपालिका वडा नं. ७ स्थित भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु क्रमशः अध्यक्ष लाहानु थारु, तत्कालिन सचिव सोहन प्यारी थारु र तत्कालिन कोषाध्यक्ष राधेश्याम थारुले भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह, बर्दियाले आ.व.२०७४/०७५ मा गैह्र काष्ठ वन पैदावार बेत ४०,०१७ के.जी. संकलन गरी प्रति के.जी. रु.३० का दरले लिलाम बिक्री गरी भएको रु.१२,००,५१०।- आम्दानीमा सो सँग सम्बन्धित खर्च रु.४,०५,४२६।-र समूहको खातामा जम्मा भएको रकम तुरुन्तै चेकबाट रकम दाखिला गर्ने सुरुची ट्रेड एण्ड सप्लायर्स, मगरागढी बर्दियाका प्रोपाईटर पारस गौतमलाई नै फिर्ता दिई पुनः समूहको खातामा जम्मा भएको रु.५,१७,०००।- समेत हेर्दा रु. २,७८,०८४।–रकम हिनामिना हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन,२०५९को दफा १७ बमोजिम कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरु लाहानु थारु, सोहन प्यारी थारु र राधेश्याम थारुलाई बिगो रु. | **१. फैसलाः** विशेष अदालतबाट सबै प्रतिवादीहरु लाहानु थारु, सोहनप्यारी थारु , राधेश्याम थारु र पारस गौतमलाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको छ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एबं आधारहरु :**<br>क)प्रस्तुत मुद्दामा रकम हिनामिनाको माध्यम समूहको खातामा जम्मा गरिएको रकम जम्मा गर्ने व्यक्तिलाई नै फिर्ता गरेको भन्ने आरोप दावी गरिएकोमा रकम दाखिला गर्ने व्यक्तिलाई कुन मितिमा कति रकम फिर्ता दिएको भन्ने आरोपपत्रमा उल्लेख गर्न नसकेको स्थितिमा समूहको रु.२.७८,०८४।- | क) भालुफाँटा सामुदायिक वनमा आ.व.२०७४/०७५ मा स्वीकृत बार्षिक कार्ययोजना अनुरुप गैह्र काष्ठ वन पैदावार ४०,०१७ के.जी. बेत संकलन गरी सुरुची ट्रेड एण्ड सप्लायर्स, बर्दियालाई प्रति के.जी. रु.३० का दरले लिलाम बिक्री गरी आ.ब.२०७४/०७५ को बेत बिक्रिबाट भएको रु.१२,००,५१०।-आम्दानी भएकोमा सो सँग सम्बन्धित खर्च रु.४,०५,४२६।- तथा पारस गौतम समेतलाई चेकबाट भुक्तानी दिएको रकम मध्ये पुनः समूहको खातामा जम्मा भएको रु.५,१७,०००।- समेत हेर्दा रु.२,७८,०८४।- रकम अपुग भएकोले सो हिनामिना भएको रकमलाई हिसाव मिलान गर्न आ.व.०७४/७५ को अडिट रिपोर्टमा समेत रु.९,२५,१३५।- मात्र उल्लेख गरी वास्तविक र यथार्थ आम्दानी रु.१२,००५१०।- उल्लेख गर्नु पर्नेमा सो नगरी रु.२,७८,०८४।-(दुई लाख अठहत्तर हजार चौरासी रुपैयाँ)निज प्रतिवादीहरुले बदनियतपूर्वक व्यक्तिगत लाभका लागि सार्वजनिक सम्पत्तिको हानीनोक्सानी पुऱ्याएको प्रष्ट छ।यसरी यी प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको स्पष्ट देखिदा देखिंदै मिसिल संलग्न सबूद प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>ख) भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह बर्दियाको आ.व.२०७३/०७४ र २०७४/०७५ को श्रेस्ता लेखा परीक्षण गर्दा उक्त सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले पारित गरेको आय-व्ययको आधारमा तथा लेखा परीक्षणको समयमा पेश गरेको नगदी रसिदको आधारमा आय र खर्च गरेको विल भर्पाईको आधारमा मात्र आय व्यय गणना गरी लेखा परीक्षण गरिएको हो। सो समयमा सामुदायिक वन उपभोक्ता समूहले बेत बिक्री गरेको लिलामको फायल नदेखाएको हुँदा सो सम्वन्धमा कुनै जानकारी थाहा नभएको हो। आ.व.२०७३/०७४ को मिति २०७४/०८/२५ मा र आ.व. २०७४/०७५ को २०७५/०४/२८ मा लेखा परीक्षण गरिएको हो। नगदी रसिदमा बेत बिक्रीबाट भनि आ.व.२०७४/०७५ मा रु.९,२५,१३५।– मात्र देखिएको कुरा लेखा परीक्षणमा देखाईएको छ। अडिट गर्दा लिलाम गरेको कागजातहरु कुनै पेश नगरेको र सो सम्वन्धमा थाहा समेत नपाएको हो। लेखा परीक्षण गर्दा अध्यक्ष लाहानु थारु, सचिव सोहन प्यारी थारु र कोषाध्यक्ष राधेश्याम थारुको उपस्थितीमा गरेको हो। लेखा परीक्षण गर्दा सो आ.व.२०७४/०७५ को अन्तिम आ.व.को मौज्दात रकम रु.५,००,२४१।२९ मात्र अन्तिम मौज्दात खुलाईएको र लेखा परीक्षण गर्दाको मौज्दातसंग भिडान मात्र भएको हो। लेखा परीक्षण गर्दा आम्दानी नगदी रसिदमा रु.१२,००,५१०।– बाँध्नुपर्नेमा साधारणसभाबाट रु.९,२५,१३५।- मात्र आम्दानी बाँधिएको र सभाबाट समेत रु.९,२५,१३५।–मात्र आम्दानी देखाएकोले हामीले लेखा परीक्षण गर्दा रु.९,२५,१३५।- वेत बिक्रिबाट प्राप्त आय आम्दानी देखाईएको हो यसमा समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको कैफियत देखिन्छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी रामेश्वर पोखरेलले अनुसन्धानको क्रममा वेहोरा लेखाएको र अदालतमा उपस्थित भई सो वेहोरा समर्थन गरी बकपत्र गरी दिए समेतबाट निजको भनाइलाई प्रमाणमा लिनु पर्नेमा सो नगरी मिसिल संलग्न प्रत्यक्ष प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>ग) भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह बर्दियाको नाममा रहेको नेपाल बैंक लिमिटेड, राजापुर बर्दिया शाखाको खाता नं.०२८००१०११४१९२५००००१मा मिति २०७४/०४/०२ मा रु.१,२५,०००।-,मिति २०७४/०५/०२ मा रु.१०,८०,०००।- गरी सुरुची ट्रेड एण्ड सप्लायर्सले जम्मा गरेको रु.१२,०५,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २,७८,०८४।- (अक्षेरुपी दुई लाख अठहत्तर हजार चौरासी रुपियाँ) कायम गरी ऐ.ऐनको दफा १७ ले व्यवस्था गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र ऐ.ऐनको दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद तथा जरिवानाको सजाय र सोहि ऐनको दफा १७ बमोजिम उक्त बिगो असूल उपर गर्ने मागदावी लिईएको देखिन्छ।<br>अर्का प्रतिवादी सुरुची ट्रेड एण्ड सप्लायर्स, मगरागढी बर्दियाका प्रोपाईटर पारस गौतमले भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह, बर्दियाको आ.व.२०७४/०७५ मा गैह काष्ठ वन पैदावार बेत ४०,०१७ के.जी. लिलाम सकार गरी सो वापत जम्मा गरिदिएको रु.१२,००,५१०।– रकम समूहको पदाधिकारीहरुलाई प्रलोभनमा पारेर मिलोमतोमा चेक काट्न लगाई समूहको नेपाल बैक लिमिटेड, राजपुर शाखा, बर्दियाको खाताबाट रकम निकाली पुनः सबै रकम जम्मा नगरी रु.२,७८,०८४।- रकम हिनामिना गरेकोले सार्वजनिक सम्पत्तिको हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन,२०५९को दफा १७ बमोजिम कसूर गर्ने प्रतिबादीहरु लाहानु थारु, सोहन प्यारी थारु र राधेश्याम थारुको मतियार भई भ्रष्टाचार निवारण | रकम हिनामिना गरी हानि नोक्सानी पुऱ्याएको मान्न मिल्ने ठोस आधार प्रमाण भएको देखिएन।<br>ख) रकम हिनामिना गरेको मान्न मिल्ने ठोस आधार तथा सबूद प्रमाण नभएकोले प्रतिवादीहरुको समूहले उक्त रकम हिनामिना गरेको भन्ने आरोप दावी पुष्टि भएको देखिन नआएको।<br>ग) प्रतिवादीहरु उपरको आरोप दावी विश्वासनीय एवं ठोस सबूद प्रमाणबाट पुष्टि भएको देखिन नआएको अवस्थामा प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने देखिएको, भन्ने आधारहरू ग्रहण गरी फैसला गरेको अवस्था छ। | मध्ये भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहको सचिव सोहन प्यारी थारुले मिति २०७४/०५/०२ मा रु.१,२५,०००।-, सुरुची ट्रेड एण्ड सप्लायर्सको प्रतिनिधीले मिति २०७४/०५/०२ र मिति २०७४/०५/०४ मा क्रमशः रु.९,५०,०००।- र रु.१,३०,०००।- गरी रु.१०,८०,०००।- रकम बैंकबाट निकालेकोमा मिति २०७४/०६/०१ गते समूहको कोषाध्यक्ष राधेश्याम थारुले रु.२,६३,०००।- र मिति २०७४/०८/१० गते समूहको अध्यक्ष लाहानु थारुले रु.२,५४,०००।– समूहको खातामा पुनः रु.५,१७,०००।- जम्मा गरेको विवरण नेपाल बैंकको बैंक स्टेटमेन्टबाट देखिए समेतबाट प्रतिवादीहरुले सार्वजनिक सम्पत्तिको सम्बन्धमा उपभोक्ता समूहको आधिकारिक निर्णय विना यी प्रतिवादीहरुले मनोमानी रुपमा सार्वजनिक कोषको दुरुपयोग गरी हानी नोक्सानी पुऱ्याएकोले भ्रष्टाचार जन्य कसूर गरेको पुष्टि भएको छ।प्रतिवादीहरुले बेत बिक्रिबाट भएको रु.१२,००,५१०।- आम्दानी भएकोमा स्वीकार गरेको देखिन्छ।वेत बिक्रीसंग सम्बन्धित खर्च रु.४,०५,४२६।- तथा पारस गौतम समेतलाई चेकबाट भुक्तानी दिएको रकम मध्ये पुनः समूहको खातामा जम्मा भएको रु.५,१७,०००।-रकम मात्र खातामा रहेको र अन्य अपुग रकमको आम्दानी बराबर खर्च नभए नगरेको अवस्थामा नपुग रकम रु.२,७८,०८४।-(दुई लाख अठहत्तर हजार चौरासी रुपैयाँ) यो यस्तो भएको हो भनि प्रतिवादीहरुले यथोचित कारण उल्लेख गर्न सकेको समेत नदेखिदा यी प्रतिवादीहरुले हिनामिना गरेको भन्ने निर्विवाद रुपमा पुष्टि भई रहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित विवेचना नगरी भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>घ) भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह बर्दियाको नाममा रहेको नेपाल बैंक लिमिटेड, राजापुर बर्दिया शाखाको खाता नं.०२८००१०११४१९२५००००००१मा रहेको रकम बिभिन्न व्यक्तिको नाममा भुक्तानी गरेको देखिएकोमा समूहको मिति २०७४/०८/०९ गतेको समूह भेलाबाट भुक्तानी गरिएको खर्चको अनुमोदन भई समूहबाट प्रकृयागत त्रुटि भएको महसुस गरी आगामी दिनमा सजग रहने प्रतिबद्धता जाहेर गरेको कागजबाट कोषको रकम भुक्तानी गर्दा अनिवार्य भेलाबाट निर्णय गरी भुक्तानी दिनु हुन निर्देशन दिई पहिलो पटकलाई सचेत गराएको भन्ने वेहोरा उल्लिखित जिल्ला वन कार्यालय बर्दियाको पत्र मिसिल संलग्न रहेकोमा सो पत्र समेतबाट प्रतिवादीहरुको बदनियत रहेको भन्ने स्पष्ट देखिएकोमा मिसिल संलग्न सबूद प्रमाणहरुलाई न्यायिक विवेचना नगरी विशेष अदालत,काठमाडौबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>ङ) त्यसैगरी भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहले जिल्ला वन कार्यालय गुलरियालाई जानकारी गराएको च.नं.०२ मिति २०७५/०४/२९ गतेको खर्च विवरणलाई हेर्ने हो भने बेत ढुवानी खर्च रु.३०,०००।-, बेत कटानी ज्याला रु.३,२०,१३६।-, चौकीदार पारिश्रमिक रु.९,०००।-, त्रिपाल खरिद रु.२५,२६०।-, जग्गा भाडा रु.६,०००।-, यातायात रु.५,१०५।-, सामाग्री खरिद रु.५,३९५।-, संचार रु.१,२००।-,मसलन्द रु.३,३३०।-गरी जम्मा रु.४,०५,४२६ खर्च भएको भन्ने विवरणमा IEE प्रतिवेदन रु.३,००,०००।–आ.व.२०७३/०७४ को अडिट रिपोर्टमा समाबिष्ट गरिएको छ भनी आ.ब.२०७३/०७४ को अडिट भईसकेको विवरणलाई पुन आ.ब.२०७४/०७५ मा खर्च भएको भनेर हिनामिना गरेको रकमलाई मिलान गर्न खोजेको स्पष्ट देखिन्छ। त्यसकारण आ.ब.२०७४/०७५ को बेत बिक्रिबाट भएको रु.१२,००,५१०।- आम्दानीमा सो सँग सम्बन्धित खर्च रु.४,०५,४२६।- र पुनः समूहको खातामा जम्मा भएको रु. ५,१७,०००।-गरी कुल रकम रु.९,२२,४२६।-मात्र रहेकोमा आ.ब.२०७४/०७५मा बेतको आम्दानी रु.१२,००५१०।- उल्लेख गर्नु पर्नेमा सो नगरी बदनियतपूर्वक रु.९,२५,१३५।- मात्र उल्लेख गरी आम्दानी र खर्चको फरक अपुग रकम रु. २,७८,०८४- हिनामिना भएको स्पष्ट हुँदाहुदै रकम हिनामिना गरेको मान्न मिल्ने ठोस आधार तथा सबूद प्रमाण नभएको भनि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>च)सुरुची ट्रेड एण्ड सप्लायर्स, मगरागढी बर्दियाका प्रोपाईटर पारस गौतमले भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐन,२०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी पारस गौतमलाई बिगो रु.२,७८,०८४।- (अक्षेरुपी दुई लाख अठहत्तर हजार चौरासी रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्याशं र ऐ. ऐनको दफा १७ ले व्यबस्था गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र ऐ.ऐनको दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद तथा जरिवानाको सजाय र सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो असूल हुन मागदावी लिई विशेष अदालत,काठमाडौमा आरोपपत्र दायर गरिएको देखिएको। | | बर्दियाको आ.व.२०७४/०७५ मा गैह्र काष्ठ वन पैदावार बेत ४०,०१७ के.जी. लिलाम सकार गरी सो वापत जम्मा गरिदिएको रु.१२,००,५१०।– रकम समूहको पदाधिकारीहरुलाई प्रलोभनमा पारेर चेक काट्न लगाई समूहको नेपाल बैक लिमिटेड, राजपुर शाखा, बर्दियाको खाताबाट रकम निकाली पुनः सबै रकम जम्मा नगरी रु.२,७८,०८४।– रकम हिनामिना गरेको मिसिल संलग्न कागजातहरुबाट प्रष्ट भएको र सो सामुदायीक वन उपभोक्ता समूहका अध्यक्ष लाहानु थारु, सचिव सोहन प्यारी थारु र कोषाध्यक्ष राधेश्याम थारुसंग मिलेमतो गरी आफुलाई समेत लाभ प्राप्त गर्ने नियतले भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहलाई गैरकानूनी हानि हानीनोक्सानी गरी मुख्य कसूरदारहरु प्रतिबादीहरु लाहानु थारु, सोहन प्यारी थारु र राधेश्याम थारुको मतियार भई कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादी पारस गौतम समेतलाई आरोपित कसूर अपराधबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदर  बदरभागी छ।<br>अतः माथि उल्लिखित आधार कारणहरुबाट प्रतिवादीहरु लाहानु थारु, सोहनप्यारी थारु , राधेश्याम थारु र पारस गौतम लाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिएकोले बदर गरी निज प्रतिवादीहरु उपर आरोप मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी पाउन आरोपदावी वमोजिम बिगो तथा कसूर कायम गरी सजाय गरी पाउन श्री सर्वोच्च अदालतमा पुनरावेदन पत्र प्रस्तुत गरिएको। |